*Ref. N-145/017-19* *GoN Registration No. : 01-2070/71*

**प्रेस विज्ञप्ति**

वैदेशिक रोजगार क्षेत्रको विकृति र बिसंगति रोक्न सरकारले **'वैदेशिक रोजगारसम्बन्धी मागपत्र जाँच निर्देशिका '२०७५'** कार्यान्वयनमा ल्याएकोमा हामी थप उत्साहित भएका छौँ । गैरआवासीय नेपाली संघको पहलमा वैदेशिक रोजगारको क्षेत्रमा भएका क्रमिक प्रगति र नेपाल सरकारले गरेका निर्णयबाट हामी थप आशावादी समेत छौँ । निर्देशिकाको अभावमा यसअघि रोजगारदाता कम्पनी र म्यानपावर कम्पनीले माग गरेको कामको विवरण बारे यकिन हुन कठिनाइ भइरहेको र त्यसका नाममा ठगीमा पर्दै आएका सोझा र आर्थिक रुपमा विपन्न नेपालीहरुले भोग्नुपरेको समस्या समेत यसै निर्देशिकाको कार्यन्वयनसँगै न्यूनिकरण हुनेमा हामी आशावादि छौँ ।

नयाँ निर्देशिकाले अदक्ष कामदार को सट्टा बढी तलब सुविधा पाउने दक्ष कामदार जाने प्रवृत्ति वढ्ने अपेक्षा हाम्रो छ । यसले सीप अनुसारको रोजगारी पाउने सम्भावना पनि बढाएको छ । यसर्थ एउटा काम र तलबका लागि भनेर पठाउने तर सम्बन्धित मुलुकमा पुगेपछि भनिएको भन्दा अर्को काम र न्यून तलब पाउने आम समस्या र वैदेशिक रोजगारका क्षेत्रमा हुने विकृतिलाई सुधार्ने यो निर्देशिकाको कार्यन्वयनले उल्लेखनीय भूमिका रहने विश्वास हामीले लिएका छौँ । वैदेशिक रोजगारीको शिलशिलामा विदेशस्थित अस्पतालमा भएका र कनुनि सेवाको अभावमा जेल जीवन बिताउन बाध्य भएकाहरुलाई कानूनी सहायता, नियोगबाटै उपलब्ध गरउने प्रावधान र सिण्डिकेटको खारेजी जस्ता कार्यहरुलाई वैदेशिक रोजगारिमा जानेहरुको हित र संरक्षणका लागि भएका प्रगतिको रुपमा लिएका छौँ । वैदेशिक रोजगारीमा जानेहरुका लागि त्रिभुवन विमानस्थलको प्रस्थान कक्षमा सहजकर्ताहरुको व्यवस्था हुने भएको स्वागत सरकार वैदेशिक रोजगार र आप्रवासी कामदारहरुको कल्याणकोलागि गम्भिर रहेको र यसबाट हामीले विगतमा अनुरोध गर्दै आएका विषयको उचित सम्बोधन हुनेमा हामी विश्वस्त छौँ ।

पछिल्लो समय हामी सँगको छलफलमा माननीय श्रम तथा समाज कल्याण मन्त्री गोकर्ण बिष्टले जनाउनु भएको प्रतिबद्धता अनुरुप नै निर्णय भएकोमा हामी आभारी छौँ । हामीले जोडदार रुपमा उठाएका बिषयहरु, वैदेशिक रोजगार, सामाजिक सुरक्षा, अंगभंग भएकाहरुलाई परिचयपत्रका साथ उपचारको व्यवस्था, त्यसपछि सक्नेहरुलाई रोजगारी र अशक्तहरुलाई मासिक भत्ता, मृतकका परिवारलाई रोजगारी र तिनका बच्चाहरुलाई अध्ययनरत वा इच्छाएको विद्यालयमै छात्रवृत्ति अनि निशुल्क उपचारको व्यवस्था, सबै कामहरु अनलाईन गरी प्रत्यक्ष भेट्नु पर्ने वाध्यता हट्दा पैसाको प्रत्यक्ष लेनदेन पनि कम हुने हाम्रो अनुमान छ । विदेशबाट फर्केकाहरुलाई सीप बैंकको व्यवस्था एवं सामुहिक लगानी, पेन्सन सरहको सुविधा लगायतका विषयमा समेत सरकारले यथाशक्य छिटो ठोस पहल गर्ने भन्ने सन्देशलाई हामीले सकारात्मक रुपमा लिएका छौँ । साथै वैदेशिक रोजगारीमा जानेहरुका लागि अध्यागमनमा छुट्टै कक्ष र बिदेशमा मृत्यु हुनेको सव ल्याउनका लागि छुट्टै आगमन कक्षको व्यवस्था गर्ने जस्ता प्रावधानले सरकार वास्तवमै यी बिषयहरुमा सम्वेदनशील रहेको हामीले महसुस गरेका छौँ । सरकारले गरेका नितिगत निर्णयहरु यस संघले बिगतमा दिएका सुझावहरु अनुरुप नै भएकोमा सरकारलाई बिशेष धन्यवाद ज्ञापन गर्दै पछिल्ला निर्णयको स्वागत गर्दछौँ ।

विगतमा निर्णयहरु भएपछि कतिपय निर्णय कार्यन्वयन हुन नसकेको सर्वविदितै छ । तथापी हामी यस पटकका सम्पूर्ण निर्णहरु यथाशक्य छिटै प्रभावकारी कार्यन्वयन हुने अपेक्षा हामीले गरेका छौँ । साथै वैदेशिक रोजगारलाई व्यवस्थित मर्यादित र सुरक्षित बनाउन हाम्रो सहयोग र सरकारसँगको सहकार्य सदैव रहने अवगत गराउँदछौँ ।

प्रवक्ता
गैरआवासीय नेपाली संघ
अन्तर्राष्ट्रिय समन्वय परिषद ।
११ मई २०१८ ।

NRNA Secretariat, Nagpokhari, TBI Complex, P.O. Box: 1189, Kathmandu, Nepal
Phone/Fax:01-4004529, Email: info@nrna.org URL: www.nrna.org